# नेपाल राष्ट्र बैंक
## नेपालगञ्ज कार्यालय
## नेपालगञ्ज

**तोडा चलान (फण्ड ट्रान्सफर) को लागि हवाईजहाज/हेलिकोप्टर भाडामा लिने बारे गोप्य सिलवन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०६७०३।०४)

नेपाल राष्ट्र बैंक, नेपालगंज कार्यालयबाट विभिन्न जिल्लास्थित वाणिज्य बैंकमा रहेका नोटकोषहरुमा आ.व.२०६७/२०६८ मा तोडाचलान (Fund Transfer) गर्ने कार्यको लागि हवाईजहाज/हेलिकोप्टर भाडामा लिनु पर्ने भएकोले बैंकले तोकेका क्षेत्रहरुमा हवाईजहाज/हेलिकोप्टर भाडामा दिन इच्छुक एयरलाइन्स/कम्पनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिनभित्र यस विभागमा आईपुग्ने गरी गोप्य बोलपत्र (Sealed Tender) आव्हान गरिन्छ ।

१ हेलिकोप्टर र हवाईजहाजको लागि अलग अलग बोलपत्र फर्म पेश गर्नु पर्नेछ । बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म दिनको २.३० बजे भित्र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जबाट रु.२०,०००।- (रु.विस हजार मात्र, पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ ।

२ प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको (सो दिन बिदा परे कार्यालय खोलेको पहिलो दिन) अपरान्ह १२.०० बजेभित्र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जंमा बोलपत्र दाखिला गरी सक्नु पर्नेछ पेश भएका वोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा नपर्ने) नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जंमा खोलिनेछ ।

३ बोलपत्र पेश गर्दा बोलपत्रदाताले विड वण्ड वापत कबुल गरेको रकमको ५ प्रतिशत नेपाल राष्ट्र बैंक, नेपालगन्ज कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाव (१३७) मा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ वा सो रकम बरावरको यस बैंकलाई मान्य हुने बैंकको बैंक ग्यारेण्टि पेश गर्नु पर्नेछ ।

४ बोलपत्र स्वीकार गर्ने, नगर्ने तथा पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

५ बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ र यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जंमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

६. बोलपत्रको अनुमानित लागत हवाईजहाजतर्फ रु.६३,८५,३२५।३६ (रु.त्रिसट्ठी लाख पचासी हजार तिन सय पच्चीस पैसा छत्तीस मात्र) र हेलिकोप्टरतर्फ रु.१,८०,६५,०१९।१० (रु.एक करोड असी लाख पैसट्टी हजार उन्नाईस पैसा दश मात्र) रहेको छ ।

नेपाल राष्ट्र बैंक
नेपालगञ्ज कार्यालय